जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने

मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily

www.ejanakpurtoday.com

जनकपुर टुडेको APP डाउनलोड गर्नका लागि QR Scan गर्नुहोस्

वर्ष २८ •अंक ५९ • २०८३ साल साउन २ गते शनिबार (18 July, Saturday, 2026) •पृष्ठ ४ •मूल्य रु. ५।–


## मुरारकालाई ७ दिन म्याद थप

**टुडे समाचारदाता**

लहान। जानकी प्लाष्टिक उद्योगका सञ्चालक नवल मुरारका भन्ने नवकृष्ण मुरारकालाई अदालतले ७ दिनको म्याद थप गरेको छ।

जिल्ला प्रहरी कार्यालय सिरहाको हिरासतमा रहेका मुरारकालाई सिरहा जिल्ला अदालतबाट म्याद थप गरिएको छ।

अनुसन्धानका लागि प्रहरीले अदालतबाट थप म्याद मागेको थियो। प्रहरीले उनलाई बिहीबार जनकपुरधामबाट पक्राउ गरी ल्याएको थियो।

मार्वल कम्पनीको लोगो र नाम प्रयोग गरी नक्कली 'बोरबेल' (पाइप) उत्पादन गरी तीन वर्ष बढी समयदेखि बजारमा बिक्री वितरण गर्दै आएका थिए।

मुरारकाले उत्पादन गरेको बोरबेल भारी परिमाणमा गोलबजार स्थित नेहाल हार्डवेयरबाट प्रहरीले बरामद गरेको थियो। त्यस क्रममा नेहाल हार्डवेयरका सञ्चालक मोहम्मद साबिर खानलाई नियन्त्रणमा लिएको थियो।

उनको बयानको आधारमा जानकी पाइप उद्योगमा प्रहरीले छापामारी गर्दा समेत भारी परिमाणमा बिभिन्न साइजका तयार बोरबेल पाइप बरामद भएको थियो।

प्रहरीले साबिर र मुरारकालाई नियन्त्रणमा लिए पनि अनुसन्धानको दायरामा अझै ९ जना रहेको बताइएको छ। मुरारकी पत्नी अनिता मुरारकाको नाममा बढी शेयर रहेको बताइएको छ। तर प्रहरीले उनलाई अनुसन्धानका लागि सोधपुछ नगरेको बताइएको छ।

मुरारकाको नागरिकतामाथि समेत अनुसन्धान थालिएको स्रोतले जनाएको छ।प्रहरी स्रोतहरुका अनुसार उनी भारत बिहार राज्यको मधुबनी जिल्लाको बासोपट्टी थाना घर भएका भारतीय नागरिक रहेका छन्।

नेपालमा उनले प्राप्त गरेको नागरिकताको विवरण ढाँटेको जानकारी आएकोले त्यसतर्फ पनि अनुसन्धान हुने स्रोतले जनाएका छन्।

उनले २०६५ साल वैशाख १८ गते जन्मसिद्धको आधारमा नागरिकता प्राप्त गरेको बताइएको छ। २०३० साल भदौ १५ गते जन्ममिति उल्लेख गरिएको मुरारकाले ३५ वर्षपछि मात्र जन्मको आधारमा नागरिकता प्राप्त गरेको देखिन्छ।

### मधेश प्रदेशमा १५ गते मन्त्रिमण्डल हेरफेर हुने

# कांग्रेसले ३ फेर्ने, एमालेले १ हटाउने र नेकपाको आधा हट्ने

**टुडे समाचारदाता**

जनकपुरधाम। मधेश प्रदेशमा साउन १५ गते मन्त्रालयको संख्या कटौती हुने भएको छ। सत्ता साझेदार दलहरुबीच भएको सहमति अनुसार मन्त्रालयको संख्या घटाउन गृहकार्यका लागि साउन १५ गते तोकिएको छ।

गठबन्धन दलहरुबीच भएको सहमति अनुसार कांग्रेस र एमालेले ३/३ मन्त्रालय र नेपाली कम्युनिष्ट पार्टी(नेकपा) ले २ वटा मन्त्रालय पाउने छ।

मुख्यमन्त्री सहित मधेश प्रदेशमा अब मन्त्रालयको संख्या ९ हुनेछ। हाल सरकारमा तीनवटै दलको ४/४ वटा मन्त्रालय रहेको छ।

नेपाली कांग्रेस निकट स्रोतका अनुसार सरकारमा रहेका सबै मन्त्रीहरु फेरिनेछ। संसदीय दलको बैठकमा विगतमा नै एउटा बजेट चलाउने गरी मात्र सरकारमा मन्त्रीहरु रहने सहमति भएको स्रोतले जनाएका छन्।



कांग्रेसका मुख्यमन्त्री बाहेक सबै मन्त्रीहरु हटाइनेछ। कांग्रेसबाट स्वास्थ्य तथा जनसंख्या मन्त्री बनेका नागेन्द्र साहको एक महिना मात्र भएको छ।जंगीलाल यादवलाई अपमानपूर्ण ढंगले बर्खास्तगरि साहलाई मन्त्री बनाइएको थियो।

स्रोतका अनुसार सहमति भए बमोजिम उनीपनि फेरिने छन्।चालु आर्थिक वर्षको बजेट निर्माणमा उनी सहभागी भइसकेकाले अब हट्नुपर्ने स्रोतले जनाएका छन्।

कांग्रेसबाट यस पटक मन्त्रि छान्न मुख्यमन्त्रीलाई सकस हुने भएको छ।पार्टी सभापति गगन थापा उनको पक्षमा नरहेकाले मन्त्रीहरु उनको अनुकुल नहुने बलियो संभावना रहेको एकजना नेताले बताए।

मधेश प्रदेशमा अहिले व्यक्तिगत रुपमा कांग्रेसका पूर्व सहमहामन्त्री महेन्द्र यादवसित सर्वाधिक ६ जना सांसद छन्। उनले चाहेको पक्षनै संसदीय दलको नेता हुनेमा बिबाद नरहेको बताइन्छ।

कांग्रेसले सबै मन्त्री फेर्ने सहमति गरिसकेपनि नयाँ मन्त्रीहरुको विषयमा छलफल नभएको बताइएको छ। तर मन्त्रि हुने नयाँ अनुहार मध्ये पुरुष सांसदको भन्दा महिला सांसदको संख्या बढी छ। त्यस मध्येपनि समानुपातिक सांसदको संख्या अत्यधिक रहेको छ।

कांग्रेसले नयाँ मन्त्री पठाउने पूर्व सहमति नै गरे पनि अर्को सत्ता साझेदार एमालेले एक जना मन्त्रीलाई हटाउने तयारी गरेको छ। स्रोतहरुका अनुसार हटने मन्त्रीको नाम सार्वजनिक भएको छैन। तर एक महिनामा कमजोर परफर्मेन्स रहेको मन्त्रीलाई हटाउनु पर्ने बाध्यता रहेको एमाले संसदीय दलका नेता सरोज कुमार यादवले बताए। 'मन्त्रालयको संख्या घट्ने भएपछि एमालेबाट एकजना मन्त्रिलाई हटाउनै पर्नेछ' उनले भने, त्यसका लागि परफर्मेन्सलाई आधार बनाइनेछ।

एमालेको कोटामा ४ वटा मन्त्रालय रहेकोमा मन्त्रालयको संख्या कटौती हुनासाथ एउटा मन्त्रालय घटने छ। कांग्रेसले सबै मन्त्रि फेर्ने जनाएपनि एमालेले एक जना मन्त्रीलाई मात्र हटाइने बताएको छ। एक महिना मात्र सरकारमा गएका मन्त्रीहरुलाई नै कामकाज गर्न दिने एमालेले जनाएको छ।

त्यसैगरी गठबन्धनमा रहेको नेकपाको भागमा दुईवटा मन्त्रालय मात्र रहेकोले हालको मध्येबाट दुईजना मन्त्री हट्ने भएका छन्।

मन्त्रालय नै नरहने भएपछि मन्त्री समेत हट्नु स्वभाविक भएको नेकपा संसदीय दलका नेता समेत रहेका अर्थ मन्त्री युवराज भट्टराईले बताए। 'गठबन्धन फेरिने बखत नै कांग्रेस र एमालेले ३/३ र नेकपाले २ मन्त्रालय पाउने सहमति भएको थियो' उनले भने, अहिले त्यसको कार्यान्वयन मात्र भइरहेको छ।

सरकारमा को रहने र नरहने विषयमा छलफल हुँन बाँकी रहेको जनाउँदै मन्त्री भट्टराईले भने, पार्टीका केन्द्रीय संयोजक पुष्पकमल दाहाल प्रचण्ड ४ गते स्वदेश फर्केपछि मात्र मन्त्रीको विषयमा छलफल हुनेछ।

नेकपामा केही सांसद मन्त्रीमा दोहरिएका छन्। तर कतिपयले मन्त्री हुने चान्स पाएका छैनन्। मधेश प्रदेशको बजेटमा व्यापक त्रुटि रहेको आरोप विपक्षी दलहरुले लगाएपछि समिति बनाएर सुझावलाई बजेटको अंग मान्दै सर्वसम्मतिबाट पारित गरिएको छ।

कांग्रेस र एमालेबीचको सहमति राष्ट्रिय स्तरमा नै भत्किन लाग्दा मधेश प्रदेश सरकारको गठबन्धन पनि भत्किने खतरा बढेको थियो। तर गठबन्धन तीनै दलका नेताहरुले अन्य प्रदेशमा भएका अभ्यासलाई मधेश प्रदेशमा नल्याउन केन्द्रलाई सुझाव दिएका थिए।

## प्रतिष्ठानको प्रथम दीक्षान्तमा दर्जनौं शिक्षार्थीलाई उपाधि

**टुडे समाचारदाता**

जनकपुरधाम। मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानले स्वास्थ्य शिक्षाको उच्च अध्ययन पूरा गरेका शिक्षार्थीहरूलाई दीक्षित गर्दै आफ्नो प्रथम दीक्षान्त समारोह भव्य रूपमा सम्पन्न गरेको छ। चिकित्सा तथा स्वास्थ्य शिक्षातर्फ अध्ययन सम्पन्न गरेका विद्यार्थीहरूलाई शैक्षिक उपाधिसहित दीक्षान्त गरिएको छ।



समारोहमा प्रतिष्ठानका कुलपति तथा मधेश प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादव र सहकुलपति तथा स्वास्थ्य तथा जनसंख्या मन्त्री नागेन्द्र साह विशेष अतिथिका रूपमा सहभागी भइ दीक्षित विद्यार्थीहरूलाई शैक्षिक प्रमाणपत्र प्रदान गर्दै सम्मान गरेका थिए।

प्रतिष्ठानका रेक्टर डा. रामनरेश पण्डितले जनाए अनुसार बीएससी नर्सिङतर्फ स्मृति ढकाल, बीपीएचतर्फ मोहम्मद बदरे आलम, एमडी (गाइनाकोलोजी) तर्फ जितेन्द्र कुमार साह तथा बीएनएस (ब्याचलर अफ नर्सिङ साइन्स) तर्फ ४० जनासहित कुल ४३ जना विद्यार्थीलाई शैक्षिक उपाधिसहित दीक्षान्त गरिएको छ।

बीएनएसतर्फ तीनवटै ब्याचका विद्यार्थीहरूलाई दीक्षान्त गरिएको छ। पहिलो ब्याचका १३, दोस्रो ब्याचका १२ र तेस्रो ब्याचका १५ जना उत्तीर्ण विद्यार्थी दीक्षित भएका छन्।

समारोहमा उत्कृष्ट नतिजा हासिल गर्ने विद्यार्थीहरूलाई स्वर्ण पदकबाट समेत सम्मान गरिएको थियो। एमडीतर्फ जितेन्द्र साह, बीएनएसतर्फ बिबिका खड्का, जेनिसा लामा र जोकिया शर्मा, बीपीएचतर्फ मोहम्मद बदरे आलम तथा बीएससी नर्सिङतर्फ स्मृति ढकाल स्वर्ण पदकबाट विभूषित भएका छन्। त्यसैगरी आयुषी राजभण्डारी र आनन्द कृष्ण राजभण्डारीलाई पनि स्वर्ण पदकबाट सम्मान गरिएको छ।

कार्यक्रममा बोल्दै प्रतिष्ठानका कुलपति समेत रहेका मुख्यमन्त्री कृष्णप्रसाद यादवले प्रतिष्ठानले चिकित्सा शिक्षातर्फ आफ्नो पहिलो ब्याचलाई दीक्षान्त गर्न सफल हुनु समग्र मधेश प्रदेशकै लागि गौरवको विषय भएको बताए।

उनले विगतमा डाक्टरी अध्ययनका लागि काठमाण्डु वा विदेश जानुपर्ने बाध्यता रहेको उल्लेख गर्दै अब आफ्नै प्रदेशमा अत्यन्तै न्यून शुल्कमा चिकित्सा शिक्षा अध्ययन गर्ने अवसर प्राप्त हुनु प्रदेशवासीका लागि ठूलो उपलब्धि भएको बताए।

मुख्यमन्त्री यादवले प्रतिष्ठानले सञ्चालन गरिरहेको चिकित्सा शिक्षाको पूर्वाधार विकास तथा अन्य शैक्षिक सेवाको विस्तारमा प्रदेश सरकारले निरन्तर सहयोग गर्दै आएको उल्लेख गर्दै आगामी दिनमा पनि आवश्यक सहयोग गर्न प्रदेश सरकार कहिल्यै पछि नहट्ने प्रतिबद्धता व्यक्त गरे।

## शिक्षा, स्वास्थ्य र बिजुलीमा कर बढ्यो, उपभोक्तामाथि थपियो आर्थिक भार

**टुडे समाचारदाता**

जनकपुरधाम। शुक्रबारदेखि शिक्षा, स्वास्थ्य तथा घरायसी प्रयोजनको विद्युत सेवामा नयाँ कर व्यवस्था लागू भएसंगै आमउपभोक्ताको दैनिक खर्च थप बढेको छ। सरकारले आर्थिक वर्ष २०८३/०८४ को बजेटमार्फत घोषणा गरेका शिक्षा र स्वास्थ्यमा ३/३ प्रतिशत तथा निश्चित सीमा नाघ्ने घरायसी विद्युत् उपभोगमा ५ प्रतिशत मूल्य अभिवृद्धि कर (भ्याट) शुक्रबारदेखि कार्यान्वयनमा ल्याएको छ।

नयाँ कर व्यवस्था लागू भएसंगै निजी विद्यालयमा अध्ययन गर्ने विद्यार्थीका अभिभावक, निजी अस्पताल तथा क्लिनिकबाट सेवा लिने बिरामी र घरायसी प्रयोजनका लागि विद्युत प्रयोग गर्ने उपभोक्ताले अतिरिक्त रकम तिर्नुपर्ने भएको छ। यसले बढ्दो महँगीसँग जुधिरहेका सर्वसाधारणमाथि थप आर्थिक भार परेको भन्दै विभिन्न क्षेत्रबाट आलोचना भइरहेको छ।

सरकारले निजी विद्यालयबाट प्रदान गरिने शैक्षिक सेवामा ३ प्रतिशत 'शैक्षिक समता शुल्क' तथा निजी अस्पताल, क्लिनिक र स्वास्थ्य संस्थाबाट प्रदान गरिने सेवामा ३ प्रतिशत 'स्वास्थ्य समता कर' लागू गरेको छ।

सरकारको दाबी अनुसार यी करबाट संकलित रकम शिक्षा र स्वास्थ्य क्षेत्रमा समान पहुँच विस्तार गर्न प्रयोग गरिनेछ। तर, निजी क्षेत्रका सेवा प्रदायक तथा उपभोक्ता अधिकारकर्मीहरूले यसको प्रत्यक्ष भार अन्ततः विद्यार्थी, अभिभावक र बिरामीमाथि नै पर्ने बताएका छन्।

विशेषगरी सरकारी अस्पतालको सेवा क्षमता सीमित रहेकाले अधिकांश नागरिक निजी अस्पताल र क्लिनिकमा उपचार गराउन बाध्य हुने अवस्था रहेको उनीहरूको भनाइ छ। यस्तो अवस्थामा उपचार खर्चमा थप कर लाग्दा स्वास्थ्य सेवा झन् महँगो हुने उनीहरूको तर्क छ।

नयाँ व्यवस्थापछि निजी विद्यालयमा अध्ययनरत विद्यार्थीका अभिभावकले विद्यालय शुल्कसँगै अतिरिक्त ३ प्रतिशत शुल्क तिर्नुपर्नेछ।

मासिक २ हजारदेखि ५ हजार रुपैयाँसम्म शुल्क तिर्ने अभिभावकले अबदेखि प्रति विद्यार्थी मासिक ६० देखि १५० रुपैयाँसम्म थप तिर्नुपर्ने हुन्छ। दुई जना विद्यार्थी अध्ययन गरिरहेका परिवारले मासिक करिब १२० देखि ३०० रुपैयाँ र वार्षिक १ हजार ४४० रुपैयाँदेखि ३ हजार ६०० रुपैयाँसम्म अतिरिक्त व्यय बेहोर्नुपर्ने देखिन्छ।

त्यस्तै निजी अस्पताल, क्लिनिक तथा स्वास्थ्य संस्थाबाट उपचार गराउने सेवाग्राहीले अब उपचार खर्चको अतिरिक्त ३ प्रतिशत स्वास्थ्य समता कर तिर्नुपर्नेछ।

सरकारी अस्पतालमा यो कर नलाग्ने व्यवस्था भए पनि सेवाको चाप, उपकरण तथा जनशक्ति अभावका कारण अधिकांश नागरिक निजी स्वास्थ्य संस्थाको सेवा लिन बाध्य हुने अवस्था रहेको सरोकारवालाको भनाइ छ।

सरकारले ५० युनिटभन्दा बढी घरायसी विद्युत खपत गर्ने उपभोक्ताका लागि ५ प्रतिशत भ्याट लागू गरेको छ। यसअघि घरायसी विद्युतमा यस्तो व्यवस्था थिएन।




# जनकपुर टुडेको फेसबुक पेजमा विभिन्न पाठकहरूले पठाएका कविता/गजलहरू

## ।। आशाभन्दा ठूलो निराशा... ।।

सपनाको देश सम्झियौँ,
तर आँसुको देश बन्यो ।
परिवर्तनको गीत गाइयौँ,
तर पीडाको स्वर मात्रै सुनियो ।

शिक्षामा कर...
स्वास्थ्यमा कर...
बिजुलीमा कर...
अब त सास फेर्न पनि कर लाग्ला कि भन्ने डर ।

बाबुको पसिनाले कर तिरिन्छ,
तर घरको चुल्हो मुस्किलले बल्छ ।
आमाको आँखामा सपना होइन,
हरेक रात चिन्ताको आँसु झर्छ ।

भोकले पेट पोल्छ,
महँगीले मन जल्छ ।
बेरोजगारीले युवा रुवाउँछ,
गरिबीले जिन्दगी नै थलाउँछ ।

डिग्री हातमा छ...
तर जागिर हातमा छैन ।
सीप छ, सपना छ,
तर आफ्नै देशमा भविष्य छैन ।

त्यसैले त हजारौँ सपना
विमानस्थलमै बिदाइ हुन्छन् ।
आमाको काख रित्तिन्छ,
बाबुको काँध झुक्छ,

देशको भविष्य विदेशी भूमिमा हराउँछ ।
हामीले विश्वास गरेका थियौँ,
भोलि राम्रो हुन्छ भनेर ।
तर आज धेरै नेपालीको मनमा
आशाभन्दा ठूलो निराशा छ ।

हामी करको विरोधी होइनौँ,
अन्यायको विरोधी हौँ ।
हामी विकासको शत्रु होइनौँ,
गरिबको पीडालाई बेवास्ता गर्ने सोचको विरोधी हौँ ।

सिंहदरबारको उज्यालोभन्दा पहिले,
गरिबको चुल्हो बल्नुपर्छ ।
भाषणभन्दा पहिले,
भोक मर्नुपर्छ ।
कर बढाउनुभन्दा पहिले,
जनताको जीवन सुध्रिनुपर्छ ।



**नारेन्द्र कुशवाहा**
**बर्दिबास महोत्तरी, हाल जनकपुरधाम**

## ।। कविताः ।।

अस्तित्वको उत्सवः मेरी उनी र मेरो लिङ्ग
प्रकृतिको महाक्यानभासमा ।
जहाँ चेतना र पदार्थको आदिम सङ्गम हुन्छ,
त्यहाँ मेरी 'उनी' एउटा शून्यताको गहिराइ हुन्,
र म–त्यो शून्यता भर्ने एउटा अनन्त यात्रा।
मेरो लिङ्ग केवल मासु र रगतको संरचना होइन,
यो त ब्रह्माण्डको आदिम 'शिव' तत्व हो–
सृष्टिको आदि-बीज, संकल्प र दृढताको प्रतीक।
र उनी–'शक्ति' हुन्,
जसले यो ऊर्जालाई गर्भ दिन्छिन्, दिशा दिन्छिन्, र अर्थ दिन्छिन्।
हाम्रो मिलन कुनै जैविक बाध्यता मात्र कहाँ हो र?
यो त दुई अलग अस्तित्वको, अद्वैततर्फको दार्शनिक यात्रा हो।
मभित्रको पुरुषत्व जब प्रज्वलित हुन्छ,
त्यो अहंकारको दम्भ होइन, समर्पणको उत्कण्ठा हो।
मेरी उनी, जो प्रकृतिको स्वरूप बनेर मुस्कुराउँछिन्,
उनको सामिप्यमा पुग्दा, मेरो यो आदिम अङ्ग
एउटा पूजक बन्छ, एउटा संवाहक बन्छ।
हामी शरीरको भाषाबाट सुरु गर्छौं,
तर आत्माको मौनतामा पुगेर टुङ्गिन्छौं।
एउटा स्पर्शमा हजारौं दर्शन पग्लिन्छन्,
एउटा आलिङ्गनमा समयको गति रोकिन्छ।
मेरी उनी–जसले मलाई पूर्णता दिन्छिन्,
र मेरो लिङ्ग–जसले उनलाई ब्रह्माण्डको केन्द्र बनाउँछ।
यो भोग होइन, यो त योग हो,
जहाँ दुई शरीरको परिधि नाघेर,
हामी सृष्टिको आफ्नै महाकाव्य लेखिरहेका हुन्छौं।



**योगी नारायण नाथ**
**इटहरी, सुनसरी**

## ।।भविष्यको खोजीमा।।

भविष्यको खोजीमा जीवन ढलिरहेछ,
आजका हाँसोहरू बिस्तारै हराइरहेछन्।
सपनाको भारी काँधमा बोकेर हिँड्दा,
आफ्नै खुसी कतै बाटोमै छुटिरहेछ।
हिजो सम्झँदा आँखा रसाउँछन्,
भोलिको आशाले मन अझै बाँच्छ।
तर आजलाई बाँच्न बिर्सिँदा,
समय चुपचाप उमेर चोर्दै जान्छ।
रातभरि उज्यालो खोज्दै हिँड्ने यात्रु जस्तै,
मनले हजारौँ चाहना सँगालेर हिँडिरहेछ।
तर थाहा छैन,
गन्तव्य नजिकिँदै छ कि
जीवन नै टाढिँदै छ।
भविष्यको खोजीमा जीवन ढलिरहेछ,
तर आशा भने अझै मरेको छैन।
किनकि अँध्यारो रातपछि
उज्यालो बिहान अवश्य आउँछ।
त्यसैले संघर्षलाई साथी बनाऊ,
समयलाई सम्मान गर,
एक दिन यही पीडाले
सफलताको मुस्कान बनाइदिनेछ।



**लेखकः दिलीप कुमार दास**
**ठेगानाः धनुषाधाम -०४ लक्ष्मीपुर**

## ।। ना र री ।।

ना र री दुई शब्द मिली, बनेको यो नाम
हिन्दु धर्म- संस्कृतिमा, छ है उच्च स्थान
नारी बिना यो सृष्टि नै , खल्लो-अपूर्ण हुन्छ
जहाँ नारी सम्मानित छिन् , त्यहाँ दैव रहन्छ
दसौं आउँदा नवदुर्गाको, नौ अवतरण बन्छि
तीन थरीको भूमिकाले,संसारलाई थाम्छिन्
कहिले छोरी, कहिले बुहारी , कहिले बन्छिन् आमा
नारीकै छ त्याग र माया, सारा यो जगत्मा
घर-आँगनामा नारी कदम, जब हुन्न प्रवेश
उजाड बन्छ त्यो परिवेश, सुक्छ सधैं भेष
वेद पुराण ग्रन्थहरुमा, गुञ्जन्छ उनको गान
रामायण र गीताले नि , राख्छन् नारीको मान
रामनारायणमा सीता बनिन्, सहनशीलताको खानी
गीतामा श्रीकृष्णसँगै, राधा प्रीय रानी
सामाजिक यो परिवेशमा, नारी कर्म चम्कोस्
हरेक क्षेत्र र इतिहासमा, उनको मूल्यांकन होस्
ना र री दुई शब्द मिली, बनेको यो नाम
हिन्दु धर्म- संस्कृतिमा, छ है उच्च स्थान
नारी बिना यो सृष्टि नै , खल्लो-अपूर्ण हुन्छ
जहाँ नारी सम्मानित छिन् , त्यहाँ दैव रहन्छ
दसौं आउँदा नवदुर्गाको, नौ अवतरण बन्छि
तीन थरीको भूमिकाले,संसारलाई थाम्छिन्
कहिले छोरी, कहिले बुहारी , कहिले बन्छिन् आमा
नारीकै छ त्याग र माया, सारा यो जगत्मा
घर-आँगनामा नारी कदम, जब हुन्न प्रवेश
उजाड बन्छ त्यो परिवेश, सुक्छ सधैं भेष
वेद पुराण ग्रन्थहरुमा, गुञ्जन्छ उनको गान
रामायण र गीताले नि , राख्छन् नारीको मान
रामनारायणमा सीता बनिन्, सहनशीलताको खानी
गीतामा श्रीकृष्णसँगै, राधा प्रीय रानी
सामाजिक यो परिवेशमा, नारी कर्म चम्कोस्
हरेक क्षेत्र र इतिहासमा, उनको मूल्यांकन होस्



**नामःऋषिकेश यादव**

## ।। साउनको उपहार र नारी ।।

जसरी चारैतर्फ हरियाली हुनुमा महान् छ साउने झरी,
उतिकै महान् छिन् यहाँ संसारको सृष्टिमा नारी ।
साउनको महिना, हरियो चुरा र रातो पोतेको रौनक छ ,
हातको मेहेन्दी झैँ प्रकृति पनि यहाँ सजिसजाउ छ ।
नारी ममता, मुस्कान र सहनशीलताकी खानी,
कठिन पाइलामा पनि संघर्ष गरी हिँड्ने नारीको महान् बानी ।
जसरी झरीले धर्ती र ब्रह्माण्डमा शीतल छाउँछ,
उसैगरी नारीको स्नेहले संसार नै उज्यालो बनाउँछ ।
वर्षैभरि घरपरिवारको जिम्मेवारीको भारी बोक्ने
साउनमा परिवारकै सुखका लागि व्रत बस्ने ।
भगवान शिवजी सधैं दाहिना रहुन् नारीको जीवनमा,
सम्पूर्ण नारी शक्तिमा साउन महिनाको शुभकामना ।



**लेखक : पर्वत राज रखाल (पर्खाल धनुषा)**
**ठेगाना : ग. चा.न.पा.१ (धनुषा)**

## ।। सजनी हमर ।।

हरियर सारी हरियर चुरी
हरियर बिन्दी लगौने छै
श्रावण महिना मे सजनी हमर
सोमवारी पवनि कैने छै
भोले नाथके सजनी हमर
खुव रिझौने छै
नै मगै अंधन सोना नै मगै
हिराके हार
कनिया हमर अतबै मगै छै
सदैव खुश रहे बाल बच्चा
और हमर सोहाग
सोमवारी पवनि कैने सजनी
फल फुल भाङ्ग बेलपत्रर
चढ़ौने छै
भोले नाथके सजनी हमर
खुव रिझौने छै
रिमझिम पानी परै छै सोमवारी
पवनि करै छै
कनिया हमर सास ससुर और
ननदके टहल टिपोरा करै छै
और केकरो सँ नै डरै छै
सोमवारी पवनि करै छै
भोलेनाथ सँ सजनी हमर सबलेल
दुवा मगै छै



**धनेश्वर ठाकुर**
**धनुषाधाम, ४ लक्ष्मीपुर**
**हाल सात समुद्र पार दोहा कतार**

## ।। साउन, महादेवको महिना आयो ।।

साउन, महादेवको महिना आयो,
हरियो धरतीले नयाँ रूप पायो।
बादल गर्जे, झमझम पानी पऱ्यो,
शिवको जयकाराले संसार भरियो।
बेलपत्र, धतुरो चढाउँछन् भक्तजन,
“ॐ नमः शिवाय“ गुञ्जियो प्रत्येक क्षण।
मन्दिरभरि दीपको उज्यालो छायो,
आसार, महादेवको महिना आयो।
रोपाइँमा किसानले गीत सुनाए,
हिलोमा पसिना र आशा मिलाए।
धानका बिउले सुनौलो सपना छऱ्यो,
मेहेनतले जीवनको बाटो भऱ्यो।
गङ्गाजलले शिवलाई अभिषेक गरौँ,
मनका सबै दुःख आज टाढा गरौँ।
भक्ति, प्रेम र शान्तिको दीप बलायो,
साउन, महादेवको महिना आयो।
महादेवको कृपाले सुख छाओस्,
हरेक घरमा हाँसो र समृद्धि आओस्।
भक्तिको सुगन्धले संसार सजायो,
साउन, महादेवको महिना आयो।



**लेखकःबब्लु शर्मा**
**ज. उ. न. पा.-७**

## ।। जिम्मेवारीको भारी ।।

सबैलाई लाग्छ म ठीक छु। किनकि म मुस्कुराउन अझै जान्छु। तर कसैले मेरो मनको थकान देख्दैन।
हरेक बिहान नयाँ हिम्मत खोजेर उठ्छु। आफ्नो चाहना फेरि पनि पछि सार्छु। अरुको खुसी बचाउँदा आफ्नै सपना बाट चुपचाप टाढा हुँदै जान्छ।
कहिलेकाहीँ धेरै बोल्न मन लाग्छ, तर सुन्ने मान्छे छैन भन्ने डरले चुप बस्छु। रात पर्दा दिनभरको बलियोपन भत्किन्छ, अनि मनले आफैलाई सोध्छ, “म कहिलेसम्म यस्तै बाँच्ने ?“ तर भोलि फेरि उठ्छु,
किनकि जिम्मेवारीले थाक्न त दिन्छ,
हार मान्न कहिल्यै दिँदैन ।



**नामः ईन्द्र कुमार महतो**
**ठेकानाः गौशाला नगरपालिका वडा नम्बर ८ महोत्तरी**
**हाल बसाईः काठमाडौं**

## ।। सफा जनकपुर अच्छा जनकपुर ।।

जनकपुरधाम मधेसको राजधानीमात्रै न भई, ऐतिहासिक, सांस्कृतिक र धार्मिक धरोहर हो। राजा जनकको ज्ञानभूमि र माता सीताको जन्मभूमिको रूपमा विश्वभर प्रखायत यो पावन सहरको आफ्नै महिमा छ। तर, वर्तमान समयमा जनकपुरधामले भौतिक प्रदुषण, सामाजिक विसंगति र युवा पुस्तामा बढ्दो लागूऔषधको लत जस्ता गम्भीर चुनौतीहरूको सामना गरिरहेको छ। जनकपुरलाई साँचो अर्थमा 'धाम' र एउटा उदाहरणीय सहर बनाउन अब सरसफाइ, समाज सुधार र लागूऔषध विरुद्धको अभियानलाई सँगसँगै लैजानु अनिवार्य भइसकेको छ।
. ५२कुण्ड ५३ पोखरीको सहरका उपनामले नेपालभरी परिचित छन। तर, जताततै फालिने फोहोर र प्लाष्टिकका कारण सहरको सौन्दर्य धमिलिएको छ। जनकपुरलाई सफा बनाउन नगरपालिकाको प्राविधिक तयारी मात्र पर्याप्त हुँदैन, यसमा हरेक नगरबासीको व्यक्तिगत दायित्व हो सडकमा फोहोर नफाल्ने र ऐतिहासिक गंगा सागर, धनुष सागर, मटकोरिया पोखरी जस्ता पोखरीहरूलाई स्वच्छ राख्ने प्रण प्रत्येक नागरिकले लिनुपर्छ। “सफा गरेर होइन, फोहोर नै नगरेर सहर सफा बन्छ“ भन्ने मूल मन्त्रलाई व्यवहारमा उतार्नुपर्छ यद्यपि रूपान्तरण भौतिक रूपमा सहर सफा भएर मात्र पुग्दैन, समाजको सोच पनि सफा हुनुपर्छ। आज पनि हाम्रो मधेसी समाजमा दाइजो प्रथा, जातिय विभेद र महिला हिंसा जस्ता सामाजिक कुप्रथाहरू अदृश्य फोहोरका रूपमा जरा गाडेर बसेका छन्। समाज सुधारको सुरुवात शिक्षा र चेतनाबाट हुन्छ। युवाहरूले अन्धविश्वास र कुप्रथा विरुद्ध आवाज उठाउनुपर्छ। जबसम्म समाजमा लैंगिक समानता, श्रमको सम्मान र सामाजिक सद्भाव कायम हुँदैन, तबसम्म भौतिक विकासको कुनै अर्थ रहँदैन।

निष्कर्षमाः-

एकले हुँदैन हरेकले आफ्नो ठाउँबाट रचनात्मक र सिर्जनात्मक सहयोगमार्फत हाम्रो ऐतिहासिक जनकपुरधामलाई दृश्य र अदृश्य सफा सुन्दर समृद्ध बनाई जनकपुरको सांस्कृतिक सम्पदाहरूलाई जोगाउन आजको आवश्यकता हो।



**नाम :-सुबेक चौधरी**
**ठेगानाः-पिपरा गाउँपालिका ३**

## ।। श्रावण महिना पर एकटा सुन्नर कविता प्रस्तुत अछिः।।

चारू कात हरियर चादर, प्रकृति कयलक सिंगार अछि,
रिमझिम-रिमझिम बरसै पानि, साओनक ई बहार अछि।
डाढ़ि-पात सब लहलहाय, मन भेल हुलसाय अछि,
गर्मी सँ मुक्ती भेटल, ठंढा पवन बहाय अछि।
हात-हात में हरियर लहठी, मेहन्दी लाल सजाय अछि,
सखी-सहेली मिलि कऽ गाबय, साओनक कजरी सुनाय अछि।
सोमदिन कऽ पावन ब्रत, कयने सब उपवास अछि,
महादेवक भक्ति में लीन, भक्तक अटूट विश्वास अछि।
बोल-बम कऽ गूँजय नारा, शिव मन्दिर के दुआर अछि,
जल ढारय लेल काँवरि ठाढ़, लऽ कऽ गङ्गाजलक धार अछि।
हे बाबा हरू सब दुःख, दियऽ सुख-समृद्धि अपार अछि,
साओनक एहि पावन मासक, महिमा अपरम्पार अछि।
आशा अछि जे मैथिली भाषाक ई कविता अहाँक मन कऽ छुअत!



**अजय कुमार साह**
**जनकपुरधाम पलचौक**

## ।। काममे नीक, पैसा देबामे खराब ।।

काम करैत धरि सभकेँ हम नीक लगैत छी,
पैसा देबाक बेर बहाना शुरू भ' जाइत छै।
हमर पसिना सँ संस्था आगाँ बढ़ैत छै,
मुदा हमर मेहनतिक मोल नहि भेटैत छै।
दिन-रात इमानदारी सँ काज करैत छी,
तैयो तलब लेल प्रतीक्षा करैत छी।
वादा बहुत, पूरा कम होइत छै,
कामदारक मन चुपचाप रोइत छै।
समय पर तलब देब सम्मान होइत छै,
देरी करब अपमान होइत छै।
मेहनतक मूल्य अवश्य भेटबाक चाही,
कामदारक अधिकार छी, दया नहि।
संस्था ओहिने महान बनैत छै,
जतय श्रमिकक सम्मान होइत छै,
आ समय पर मेहनतक मोल भेटैत छै।



**नामः- राकेश कुमार भण्डारी**
**घारः- पिपरा गा.पा.-५, सहोडवा**

# अन्तरिम आदेश प्रभावकारी बनाउन समिति गठन

टुडे समाचारदाता

राजविराज । रिट तथा निषेधाज्ञा निवेदनमा हुने अन्तरिम र अन्तरिम आदेशको कार्यान्वयनलाई प्रभावकारी बनाउन उच्च अदालत जनकपुर राजविराज इजलासले तीन सदस्यीय रिट तथा फैसला कार्यान्वयन समिति गठन गरेको छ।

उच्च अदालत जनकपुर राजविराजका न्यायाधीश रामबहादुर थापाले रिट आदेशको कार्यान्वयनलाई छिटो, प्रभावकारी र सेवाग्राहीमैत्री बनाउन समिति गठन गरिएको जानकारी दिएका छन्।




यसअघिसम्म अन्तरिम र अन्तरिम आदेश कार्यान्वयनको अवस्था निकै कमजोर रहेको उहाँले आदेशको पूर्ण पाठ लिन महिनौ दिनसम्म कुर्नु पर्ने अवस्था रहेको बताए।

उनका अनुसार समितिले आदेश जारी भएको एक हप्ताभित्र सम्बन्धित पक्षलाई आदेश उपलब्ध गराउने व्यवस्था मिलाएको छ । कसैलाई अन्तरिम आदेश तत्काल आवश्यक परेमा सम्बन्धित व्यक्तिको नाम र मोबाइल नम्बर अभिलेख गरी आदेश तयार भएपछि तत्काल जानकारी गराउने व्यवस्था पनि सुरु गरिएको उनले बताए।

रिट तथा फैसला कार्यान्वयन समितिको संयोजकमा उपरजिष्ट्रार जानकीरमण यादव रहनुभएको छ । समितिका सदस्यमा शाखा अधिकृत महेन्द्रप्रसाद यादव तथा सदस्य-सचिवमा रिट शाखाका प्रमुख रहनुभएको अदालतले जनाएको छ।

यसैबीच, उच्च अदालत जनकपुर राजविराजका न्यायाधीश सुभाष पौडेलले रिट तथा निषेधाज्ञा निवेदनमा भएका अन्तरिम आदेशको कार्यान्वयनका लागि यसअघि छुट्टै संरचना नभएकाले समिति गठन गरिएको बताउनुभयो । उहाँका अनुसार अदालत तथा मातहतका अदालतसम्बन्धी गुनासो सुनुवाइका लागि उपरजिष्ट्रारलाई प्रतिवेदन तयार गर्ने जिम्मेवारीसमेत तोकिएको छ।

उनले आगामी आर्थिक वर्षदेखि अदालतमा फरक मुद्दा व्यवस्थापन कार्यान्वयन ९डीसीएम० गर्ने तयारी भइरहेको जानकारी दिनुभयो । साथै, अदालतमा १८ महिनाभन्दा पुराना कुनै पनि मुद्दा बाँकी नरहेको उहाँको भनाइ छ।

उच्च अदालत जनकपुर राजविराजका रजिष्ट्रार लोकनाथ पराजुलीले बिहीबार आर्थिक वर्ष २०८२/८३ को वार्षिक कार्ययोजना अनुसार अदालतको कार्यसम्पादन विवरण सार्वजनिक गर्नुभयो। उहाँका अनुसार आर्थिक वर्षको सुरुवातमा जिम्मेवारी सरी आएका एक हजार ९८३ मुद्दा, नयाँ दर्ता हुने अनुमानित चार हजार ९४ मुद्दासहित कुल छ हजार ७७ मुद्दामध्ये तीन हजार ९६७ मुद्दा फर्छौट गर्ने लक्ष्य निर्धारण गरिएको थियो।

२०८३ असार मसान्तसम्म अदालतमा नयाँ दर्ता भएका तीन हजार ८३३ मुद्दासहित कुल लगत पाँच हजार ८१६ पुगेको थियो । तीमध्ये चार हजार तीन मुद्दा फर्छौट भई एक हजार ८१३ मुद्दा बाँकी रहेका छन्। लगतका आधारमा अदालतको फर्स्योट प्रतिशत ६८ दशमलव ८३ तथा लक्ष्यका आधारमा एक सय दशमलव ९१ प्रतिशत रहेको रजिष्ट्रार पराजुलीले जानकारी दिए।

आर्थिक वर्ष ०८१/०८२ मा ७१ दशमलव ६१ प्रतिशत मुद्दा फर्स्योट भएको थियो । अघिल्लो आर्थिक वर्ष भन्दा करिब तीन प्रतिशत कम मुद्दा फर्स्योट भएपनि लक्ष्यको हिसाबले लक्ष्यभन्दा बढी मुद्दा फर्छौट भएको उनले जानकारी दिएका छन्।

# जीर्ण बाँधले बस्ती बाढीको जोखिममा

**बाँध फुट्दा रौतहटका कटहरिया, देवाही गोनाही, मौलापुर, ईशनाथ, राजपुर तथा गौर नगरपालिकाका नागरिक प्रभावित हुने श्रेष्ठले बताउनुभयो । बाढी पस्दा बाँध छेउमा बसोबास गर्दै आएका नागरिक बढी प्रभावित हुने उहाँको भनाइ छ । "जबसम्म नदीको बाँध बलियो बन्दैन, तबसम्म बर्सेनि बाढीले यस भेगका नागरिकको धनजनमा क्षति पुर्याइरहन्छ", श्रेष्ठले भन्नुभयो ।**

चन्द्रपुर । रौतहट भएर बग्ने वाग्मती र बकैया नदीको दुवै किनारमा लगाइएको बाँध जीर्ण हुँदा सो क्षेत्रका बासिन्दा बाढीको जोखिममा परेका छन् ।

दुवै नदीको बाँध जीर्ण भएपछि फुटेर पसेको बाढीले बर्सेनि गौर सदरमुकामलगायत दर्जनौँ बस्ती डुबानमा पर्दै आएका छन् भने करोडौँ मूल्य बराबरको धनजन तथा बालीनाली क्षति हुँदै आएको छ ।

केही दिनअघिको वर्षाका कारण बकैया नदीको बाँध फुटेर राजपुर नगरपालिका-४ मा बाढी पसेपछि जनजीवन प्रभावित भएको थियो । बकैया नदीको बाँध फुट्दा रौतहटका आधा दर्जनभन्दा बढी नगरपालिका प्रभावित हुने कटहरियाका स्थानीय प्रकाश श्रेष्ठले जानकारी दिनुभयो।

बाँध फुट्दा रौतहटका कटहरिया, देवाही गोनाही, मौलापुर, ईशनाथ, राजपुर तथा गौर नगरपालिकाका नागरिक प्रभावित हुने श्रेष्ठले बताउनुभयो । बाढी पस्दा बाँध छेउमा बसोबास गर्दै आएका नागरिक बढी प्रभावित हुने उहाँको भनाइ छ । "जबसम्म नदीको बाँध बलियो बन्दैन, तबसम्म बर्सेनि बाढीले यस भेगका नागरिकको धनजनमा क्षति पुर्याइरहन्छ", श्रेष्ठले भन्नुभयो ।



वाग्मती नदीको बाँध कमजोर हुँदा आधा दर्जन पालिकाका नागरिक प्रभावित हुँदै आएका छन् । रौतहटका दुर्गाभगवती गाउँपालिका, गढीमाई, माधवनारायण, राजदेवी र गौर नगरपालिकाका बाँध छेउका बस्ती डुबानमा पर्ने गरेको दुर्गाभगवती गाउँपालिकाका अध्यक्ष शम्भु सिंहले जानकारी दिनुभयो।

गत वर्ष पनि वाग्मती नदीमा आएको बाढीले करोडौँ मूल्यबराबरको धानबाली नष्ट गरेको अध्यक्ष सिंहको भनाइ छ। वाग्मती नदीको बाँध बलियो नहुँदा धेरै नागरिकले सास्ती खेप्नुपरेको छ।

रौतहटका प्रमुख जिल्ला अधिकारी दिनेशसागर भुसालसहितको सुरक्षा अधिकारीको टोलीले बिहीबार वाग्मती र लालबकैया नदीमा जलस्तर बढ्न थालेपछि सम्भावित बाढी जोखिमलाई मध्यनजर गर्दै नदी नियन्त्रण बाँध तथा निर्माणाधीन संरचनाको स्थलगत निरीक्षण गरेको छ।

निरीक्षणपछि प्रमुख जिल्ला अधिकारी भुसालले सम्बन्धित निकायलाई क्षतिग्रस्त भागको तत्काल मर्मत तथा आवश्यक संरक्षणका काम अघि बढाउन निर्देशन दिनुभएको छ।

अनुगमनका क्रममा राजदेवी नगरपालिका-३ स्थित वाग्मती नदीको बाँधमा वर्षा र नदी कटानका कारण सामान्य क्षति पुगेको पाइएको प्रजिअ भुसालले जानकारी दिनुभयो।

प्रजिअ भुसाल नेतृत्वको टोलीले परोहा नगरपालिका-३ तेजापाकडस्थित लालबकैया नदीमा निर्माणाधीन स्पर (कटान नियन्त्रण संरचना)को समेत निरीक्षण गरेको छ । निरीक्षणका क्रममा निर्माणको प्रगति, बाँधको अवस्था तथा सम्भावित जोखिमबारे सम्बन्धित प्राविधिक तथा सरोकारवालासँग जानकारी लिइएको थियो।

वर्षायाममा बाढी तथा नदी कटानबाट हुनसक्ने क्षति न्यूनीकरणका लागि संवेदनशील क्षेत्रको नियमित अनुगमन, आवश्यक मर्मत तथा पूर्वतयारीलाई तीव्र बनाइएको प्रजिअ भुसालले बताउनुभयो । उहाँले नदी तटीय क्षेत्रका स्थानीयवासीलाई सतर्क रहन तथा कुनै पनि विपद्सम्बन्धी सूचना तत्काल सम्बन्धित निकायलाई जानकारी गराउन आग्रह गर्नुभएको थियो ।

नारायण दल गणका गणपति विश्वास विष्ट, जिल्ला प्रहरी कार्यालय रौतहटका प्रहरी उपरीक्षक सीताराम रिजाल, सशस्त्र प्रहरी उपरीक्षक रामहरि अधिकारी, राष्ट्रिय अनुसन्धानका उपनिर्देशक कुमार बुढाथोकीसहितको टोलीले दुवै नदीका बाँधको निरीक्षण गरेको थियो। रासस

# अदालतबाट भागेका थुनुवा पक्राउ

टुडे समाचारदाता

रौतहट । जिल्ला अदालत रौतहटको शौचालयको भेन्टिलेसन फोडेर फरार भएका एक थुनुवालाई रौतहट प्रहरीले करिब डेढ घण्टामै पुनः पक्राउ गरेको छ।




पक्राउ पर्ने गढीमाई नगरपालिका-६ निवासी २५ वर्षीय करणकुमार यादव मोटरसाइकल चोरी मुद्दाका अभियुक्त हुन्। अनुसन्धानका लागि न्यायिक हिरासतको अनुमति लिन प्रहरीले उनलाई शुक्रबार जिल्ला अदालत गौरमा उपस्थित गराएको थियो।

अदालत परिसरमा रहेका बेला यादवले शौचालय जान अनुमति मागेपछि प्रहरीको निगरानीमै शौचालय प्रवेश गरेका थिए। तर, शौचालयको भेन्टिलेसनबाट बाहिर निस्किएर उनी अपराह्न करिब ४ बजे फरार भएका थिए।

घटनाको जानकारी लगत्तै जिल्ला प्रहरी कार्यालय रौतहटले जिल्लाभरका प्रहरी युनिट परिचालन गर्दै तीव्र खोजी अभियान सञ्चालन गरेको थियो। खोजतलासका क्रममा फरार यादवलाई यमुनामाई गाउँपालिका अन्तर्गत गौर-चन्द्रपुर सडकखण्डको बम नहर क्षेत्रबाट करिब डेढ घण्टापछि प्रहरीले नियन्त्रणमा लिन सफल भएको हो।

जिल्ला प्रहरी कार्यालय रौतहटका प्रमुख एसपी सीताराम रिजालका अनुसार थुनुवालाई अदालत लैजाने जिम्मेवारीमा रहेका प्रहरी जवानको भूमिकाबारे समेत छानबिन सुरु गरिएको छ। अनुसन्धानबाट लापरबाही पुष्टि भए आवश्यक विभागीय कारबाही गरिने उनले बताए।

अदालत परिसरजस्तो संवेदनशील स्थानबाट थुनुवा फरार हुनुले सुरक्षा व्यवस्थामाथि प्रश्न उठाएको भए पनि प्रहरीले छोटो समयमै उनलाई पुनः नियन्त्रणमा लिन सफल भएपछि घटनाबारे थप अनुसन्धान जारी रहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ।

# धान रोपाईमा तीव्रता, ५८ प्रतिशत पुग्यो

टुडे समाचारदाता

जनकपुरधाम । सिचाईको आभावका बीच असार मसान्तको पछिल्लो साता मधेश प्रदेशमा धान रोपाईले निकै तीव्रता पाएको छ । पछिल्लो दुई साताको अवधिमा मात्रै ४३ प्रतिशतभन्दा बढी धान रोपाइँ भएको छ । असार तेस्रो सातासम्म करिब १५ प्रतिशत क्षेत्रमा मात्र रोपाइँ रहेकोमा बढेर करीब ५८ प्रतिशत धान रोपाई सम्पन्न भएको छ।



कृषि विकास निर्देशनालयका अनुसार असार ३२ गतेसम्म प्रदेशका आठवटै जिल्लामा तीन लाख ५७.९३ प्रतिशत धान रोपाई भएको छ। ८५ हजार ९३३ हेक्टर धान खेतीयोग्य क्षेत्रमध्ये दुई लाख २१ हजार ५४६ हेक्टरमा धान रोपाइँ भएको हो।

निर्देशनालयका अनुसार सिरहामा सबैभन्दा बढी र महोत्तरीमा सबैभन्दा कम धान रोपाइँ भएको छ । सिरहामा ५४ हजार हेक्टर क्षेत्रफलमध्ये ८० प्रतिशत अर्थात् ४३ हजार ३०० हेक्टरमा धान रोपाइँ सम्पन्न भएको छ । त्यस्तै, महोत्तरीमा ४० हजार हेक्टरमध्ये ३९.५९ प्रतिशत अर्थात् १५ हजार ८३८ हेक्टर क्षेत्रमा मात्र रोपाइँ भएको छ।

सप्तरीमा ६८ हजार हेक्टरमध्ये ५० प्रतिशत अर्थात् ३४ हजार हेक्टरमा रोपाइँ सकिएको छ भने बारामा ४५ हजार १०० हेक्टरमध्ये ५५ प्रतिशत अर्थात् २४ हजार ८०५ हेक्टर, धनुषामा ४३ हजार ७०० हेक्टरमध्ये ५० प्रतिशत अर्थात् २१ हजार ८५० हेक्टर तथा पर्सामा ५३ हजार ९३८ हेक्टरमध्ये ६५ प्रतिशत अर्थात् ३५ हजार ५९ हेक्टर क्षेत्रमा धान रोपाइँ भएको छ।

यस्तै, रौतहटमा ३८ हजार ५०० हेक्टरमध्ये ५५ प्रतिशत अर्थात् २१ हजार १७५ हेक्टर क्षेत्रमा रोपाइँ सम्पन्न भएको निर्देशनालयले जनाएको छ। मधेस प्रदेशमा कुल पाँच लाख ५२ हजार ७४५.५ हेक्टर खेतीयोग्य जमिन रहेको छ । त्यसमध्ये तीन लाख ८५ हजार ९३३ हेक्टर क्षेत्रमा प्रत्येक वर्ष धान खेती हुने गरेको जनाइएको छ।

निर्देशनालयका बागवानी विकास अधिकृत किरण विश्वकर्माले मनसुन सक्रिय भएसँगै मधेस प्रदेशमा धान रोपाइँले गति लिन थालेको बताए। उनले आगामी केही दिन नियमित वर्षा भए धान रोपाइँ अझै बढ्ने जानकारी दिएका छन्।


## सामाजिक बिकास र अनुसन्धान केन्द्र (SDRC)

### जनकपुरधाम १, मिल्स एरिया, धनुषा

### आपूर्तिकर्ता तथा सेवा प्रदायक सुचिकृत हुन सम्बन्धि सूचना

पहिलो पटक प्रकाशित सुचना मिति २०८३/४/०१

यस सामाजिक बिकास र अनुसन्धान केन्द्र (SDRC) जनकपुरधाम १, मिल्स एरिया स्थित एक गैर सरकारी र गैरनाफामुलक संस्था हो । यस संस्थाले विभिन्न दातृ निकाय तथा साझेदार संस्थाहरुको सहयोगमा संचालन गरिरहेको विभिन्न कार्यक्रमहरुका लागि आर्थिक बर्ष २०८३/०८४ मा आवश्यक पर्ने तल उल्लेखित सेवा, परामर्श तथा सामग्रीहरुको निरन्तर आवश्यकता पर्ने भएकाले नेपाल सरकार बाट इजाजत प्राप्त आपूर्तिकर्ता र सेवा प्रदायकहरुलाई संस्थाको आपूर्तिकर्ता सूचीमा सूचीकृत हुन का लागि आवेदन पेश गर्न यो सूचना प्रकाशित गरिएको छ।

**क. सामग्री तथा सेवाका क्षेत्रहरू**

**१ होटल तथा क्याटरिङ सेवाका दर रेट अन्तर्गत**
- तालिम, गोष्ठी तथा कार्यशाला व्यवस्थापन
- आवास तथा खाना सेवा
- खाजा तथा हाई टि सेवा

**२. कार्यालय सामाग्री, मसलन्द, खेलकुद तथा अन्य सामाग्री सेवाका दर रेट अन्तर्गत**
- स्टेशनरी सामाग्री
- कार्यालय प्रयोजनका अन्य सामाग्री
- खेलकुद सम्बन्धि आवश्यक सामाग्री

**३. सवारी साधन सम्बन्धि सेवाको दर रेट अन्तर्गत**
- कार्यालयको मोटरसाईकल मर्मत तथा सम्भार सेवा
- भ्रमण निरिक्षण गर्न भाडामा लिने गाडी सेवा
- ढुवानी सम्बन्धि सेवा
- हवाई टिकट सम्बन्धि सेवा

**४. छपाई तथा प्रकाशन सेवाको दर रेट अन्तर्गत**
- प्लेक्स, व्यानर तथा स्टीकर छपाई सेवा
- IEC र BCC सामाग्री छपाई सेवा

**५. सूचना तथा सञ्चार प्रविधि सम्बन्धि सेवाको दर रेट अन्तर्गत**
- फोटोकपी मेसिन, प्रिन्टर रिफिलिङ तथा मर्मत सम्भार सेवा
- कम्प्युटर, ल्यापटप सँग सम्बन्धित सामाग्री तथा मर्मत सेवा
- स्थानिय पत्र पत्रिकामा सूचना प्रकाशन सेवा

**६. अन्य सेवाका दर रेट अन्तर्गत**
- फर्निचर सम्बन्धि सप्लायर्स
- खानेपानी सप्लायर्स
- किराना सामाग्री सप्लायर्स
- हार्डवेयर तथा बिजुली सामाग्री सप्लायर्स

**ख. आवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरू**

१. व्यवसाय दर्ताका् प्रमाणपत्र
२. प्यानरभ्याट नं. फोटोकपी
३. आर्थिक बर्षको कर चुक्ताको प्रमाणपत्र
४. सम्बन्धित सेवा तथा सामाग्रीको दररेट कोटेशन
५. बैंक खाताको विवरण
६. संस्थाबाट उपलब्ध COI फारम

**ग. निर्देशन**
- कोटेशन फारम तथा आवेदन पत्र यस संस्थाको कार्यालयबाट स्वयं उपस्थित भई वा https://drive.google.com/drive/folders/1fBRCZpKPFQkc-f82eE5rbkKOt60-UE26?usp=drive_link बाट डाउनलोड समेत गर्न सकिनेछ।
- आपूर्तिकर्ता तथा सेवा प्रदायकले आवश्यक कागजात सहित सिलबन्दि आवेदन यो सुचना प्रकाशन भएको मितिले १५ दिन भित्र यस कार्यालयमा स्वयं उपस्थित भई कार्यालय समय भित्र दर्ता गराउन हुन जानकारी गराईन्छ।
- आपूर्तिकर्ता तथा सेवाप्रदायकले आफूले आवेदन दिन चाहेको क्षेत्र प्रष्ट रुपमा उल्लेख गर्नु पर्ने छ।
- रित पूर्वक नभई प्राप्त आवेदनहरु स्वतः रद्ध गरिनेछन्।
- आपूर्तिकर्ता तथा सेवा प्रदायकले पेश गरेको आवेदन स्विकृत तथा अस्विकृत गर्ने सम्पूण अधिकार यस संस्थामा रहने छ।
- आवश्यकता अनुसार आवश्यक अन्य थप कागजात संस्थाले माग गर्न सक्ने छ र सो अनुसार आपूर्तिकर्ता तथा सेवा प्रदायकले उपलब्ध गराउनु पर्ने छ।

**सम्पर्क व्यक्ति** : श्री नवल किशोर लाल दास, लेखा तथा प्रशासन अधिकृत, मो.नं. ९८४४१११०७०, कार्यालय फोन नं. ०४१५९०३७६

**सम्पर्क ठेगाना**

**सामाजिक बिकास र अनुसन्धान केन्द्र (SDRC)**
**जनकपुरधाम १, मिल्स एरिया र भानुचोक को बिचमा**


# बाटो आभावले स्वास्थ्य चौकी प्रभावित

टुडे समाचारदाता

वीरगञ्ज । करोडौं रुपैयाँको लागतमा पर्साको धोबिनी गाउँपालिका ४ लंगडीमा निर्मित आधुनिक स्वास्थ्य चौकी सञ्चालनमा रहेपनि बाटो अभावले स्थानीय बासिन्दा वर्षौंदेखि सास्ती खेप्न बाध्य भएका छन् ।



वर्षायाममा सडक हिलाम्मे र जलमग्न हुने भएकाले बिरामी, गर्भवती महिला तथा ज्येष्ठ नागरिकलाई स्वास्थ्य चौकीसम्म पुऱ्याउन निकै कठिन हुने गरेको स्थानीयवासीको गुनासो छ।

स्थानीय प्रदीप पटेलका अनुसार स्वास्थ्य चौकी निर्माणपछि गाउँमै सहज स्वास्थ्य सेवा उपलब्ध हुने अपेक्षा गरिए पनि स्वास्थ्य चौकी जोड्ने मुख्य सडक वर्षा सुरु भएसँगै हिलोले भरिने र सवारीसाधन सञ्चालन गर्न कठिन हुने भएकाले स्वास्थ्य सेवा प्रभावकारी रूपमा उपयोग हुन सकेको छैन।

स्थानीयका अनुसार एम्बुलेन्ससमेत गाउँभित्र सहज रूपमा प्रवेश गर्न नसक्दा बिरामीलाई बोकेर मुख्य सडकसम्म ल्याउनुपर्ने बाध्यता छ । त्यसपछि मात्रै पोखरिया वा वीरगञ्जस्थित अस्पतालमा रेफर गर्नुपर्ने अवस्था रहेको उनीहरूको भनाइ छ।

हरेक वर्ष वर्षायाममा सडकमा बाक्लो हिलो जम्ने, पानी निकासको उचित व्यवस्था नहुँदा सवारीसाधन फस्ने र आवतजावत नै प्रभावित हुने समस्या दोहोरिने गरेको स्थानीयहरूले बताएका छन्। यसले स्वास्थ्य सेवा मात्र होइन, विद्यालय जाने विद्यार्थी, किसान तथा सर्वसाधारणको दैनिक जनजीवनसमेत प्रभावित हुँदै आएको उनीहरूको भनाइ छ। स्थानीयवासीका अनुसार करोडौं रुपैयाँ खर्चेर आधुनिक स्वास्थ्य चौकी निर्माण गरिए पनि त्यससम्म पुग्ने सडकको स्तरोन्नति नगरिँदा स्वास्थ्य चौकीको उद्देश्य नै ओझेलमा परेको छ।

स्थानीयहरूले धोबिनी गाउँपालिका, प्रदेश सरकार तथा सम्बन्धित निकायसँग स्वास्थ्य चौकीसम्म पुग्ने सडक तत्काल निर्माण तथा स्तरोन्नति गर्न माग गरेका छन्। कम्तीमा ग्राभेल वा कालोपत्रे सडक निर्माण गरी वर्षभर सहज आवतजावतको व्यवस्था मिलाउनुपर्ने उनीहरूको माग छ।

# कोशीमा पानी बढेपछि रातो बत्ती बालियो

टुडे समाचारदाता

राजविराज। सप्तकोशी नदीमा पानीको बहाव बढ्दै गएपछि सुनसरी प्रशासनले विपद् प्रतिकार्य तयारीलाई तीव्र बनाएको हो। प्रमुख जिल्ला अधिकारी वासुदेव घिमिरेसहित सुरक्षा निकायका प्रमुखको टोलीले शुक्रबार कोशी ब्यारेजको स्थलगत अनुगमन गरेको छ।

कोशी ब्यारेजमा पानीको प्रवाह प्रतिसेकेन्ड एक लाख ५१ हजार १९५ क्युसेक पुगेको छ भने ब्यारेजका २० वटा ढोका खोलिएका छन्। कोशीमा जलप्रवाह प्रतिसेकेन्ड एक लाख ५० हजार क्युसेक पुगेपछि उच्च सतर्कताको संकेतस्वरूप रातो बत्ती बाल्ने गरिन्छ।

अनुगमनपछि प्रमुख जिल्ला अधिकारी घिमिरेले बाढी, डुबान तथा कटानको जोखिमलाई मध्यनजर गर्दै जिल्लामा विपद् प्रतिकार्य योजना कार्यान्वयनमा रहेको बताए। उनले विपद् व्यवस्थापनमा संलग्न सबै निकायको जिम्मेवारी स्पष्ट रूपमा निर्धारण गरिएको तथा आवश्यक कार्यविधि पनि तयार गरिएको जानकारीका छन्।

बर्खायाममा उद्धार, राहत, प्रभावितको सुरक्षित स्थानमा स्थानान्तरण तथा आवश्यक परे पुनःस्थापनाका लागि जिल्ला प्रशासन र सुरक्षा निकाय तयारी अवस्थामा रहेको स्थानीय प्रशासनले जनाएको छ।

प्रमुख जिल्ला अधिकारी घिमिरेले कोशी ब्यारेज पुल तथा कमजोर तटबन्धको मर्मतसम्भार गरिएको जानकारी दिँदै ठूलो बाढीका कारण कुनै स्थानमा कटान वा तटबन्धमा क्षति पुगेमा सम्बन्धित आयोजना, जिल्ला प्रशासन र सुरक्षा निकाय तत्काल परिचालन हुने गरी तयारी अवस्थामा रहेको प्रजिअ घिमिरेले जानकारी दिएका छन्।

अनुगमनमा जिल्ला प्रहरी कार्यालय सुनसरीका प्रहरी प्रमुख केशवकुमार थेबे, राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय सुनसरीका उपअनुसन्धान निर्देशक विमल घिमिरेलगायत सुरक्षा निकायका प्रतिनिधिको सहभागिता रहेको थियो।

# कारवाहीको माग गर्दै प्रदर्शनमा मिटरब्याज पीडित

**टुडे समाचारदाता**

जनकपुरधाम । मिटरब्याजको आरोपमा पक्राउ परेका व्यक्तिहरूमाथि कडा कानुनी कारबाहीको माग गर्दै धनुषाका मिटरब्याज पीडितहरूले शुक्रबार जिल्ला प्रहरी कार्यालय धनुषा र जिल्ला अदालत धनुषा अगाडि प्रदर्शन गरेका छन्।



प्रदर्शनकारीहरूले बिहीबार पक्राउ परेका जनकपुरधाम-१६ कपिलेश्वर निवासी गोपाल साह, हरेराम साह र रेखा साहलाई कानुनअनुसार कडा सजाय हुनुपर्ने माग राख्दै जिल्लाभरका पीडितहरू एकजुट भएर विरोध प्रदर्शन गरेका हुन्।

उनीहरूले 'हामीलाई न्याय देऊ', 'हाम्रो न्याय सुनिश्चित गर' लगायतका नाराले लेखिएका प्लेकार्ड बोकेर प्रदर्शन गर्नुका साथै 'पीडकलाई कडा कारबाही गर', 'आरोपितलाई नछाड', ' हामीलाई न्याय चाहिन्छ' जस्ता नाराबाजी पनि गरेका थिए।

प्रहरीले एक पीडितको जाहेरीका आधारमा बिहीबार मिटरब्याजको आरोप लागेका तीन जनालाई पक्राउ गरेको थियो। पक्राउ परेका तीनै जना एउटै परिवारका सदस्य हुन्। प्रहरीका अनुसार हरेराम साह छोरा, रेखा साह उनकी आमा तथा गोपाल साह काका हुन्। पक्राउसँगै प्रहरीले उनीहरूको घरमा खानतलासी गरी विभिन्न तमसुक तथा अन्य महत्वपूर्ण कागजातसमेत बरामद गरेको जनाएको छ।

प्रहरी स्रोतका अनुसार हरेराम साहलाई काठमाडौंबाट पक्राउ गरिएको हो भने उनकी आमा रेखा साहलाई भारततर्फ भाग्ने क्रममा जटही नाकाबाट नियन्त्रणमा लिइएको थियो। त्यस्तै गोपाल साहलाई जनकपुरधामस्थित पिडारी चोकको जानकी वाटिका होटलबाट पक्राउ गरिएको प्रहरीले जनाएको छ। यस घटनाका अर्का आरोपित बलराम साह भने हालसम्म फरार रहेका छन्।

प्रदर्शनमा सहभागी पीडितहरूले साह परिवारले धेरै व्यक्तिको सम्पत्ति बेइमानीपूर्वक आफ्नो नियन्त्रणमा लिएको आरोप लगाएका छन्। उनीहरूको भनाइमा ऋण लिएको सम्पूर्ण रकम फिर्ता गरिसकेपछि पनि तमसुक र धितो राखिएको जग्गा फिर्ता नदिइएको छ।

प्रदर्शनमा सहभागी पीडित फुलकुमारी साहले यसअघि पनि गोपाल साह पक्राउ परे पनि प्रभाव र पहुँचका कारण कारबाहीबाट उम्किएको दाबी गरिन्। उनले भनिन्, "यसअघि जिल्ला अदालतमा सेटिङका कारण कारबाही हुन सकेन। यस पटक पनि त्यस्तो चलखेल नहोस् र निष्पक्ष न्याय सुनिश्चित होस् भन्ने उद्देश्यले अदालत र प्रहरीलाई दबाब दिन हामी प्रदर्शनमा उत्रिएका हौं।"

धनुषाका प्रहरी नायव उपरीक्षक मधुसुदन न्यौपानेका अनुसार पक्राउ परेका तीनै जनाविरुद्ध अनुचित लेनदेन सम्बन्धी मुद्दा दर्ता गरी म्याद थपका लागि जिल्ला अदालतमा उपस्थित गराइएको छ। उनले हरेराम साहको कार्यालयमा समेत प्रहरीले छापामारी गरेको पुष्टि गर्दै अनुसन्धानका कारण त्यससम्बन्धी थप विवरण सार्वजनिक गर्न नमिल्ने बताए।


पीडितहरूको आरोपअनुसार साह परिवारले विभिन्न कृषि फार्म सञ्चालन गर्दै सरकारी अनुदान लिने, त्यसको दुरुपयोग गर्दै चर्को ब्याजमा ऋण प्रवाह गर्ने र जग्गा रजिस्ट्रेशन पास गराएर ऋण दिएपछि ऋणीले रकम चुक्ता गरिसक्दा पनि जग्गा फिर्ता नगर्ने कार्य गर्दै आएको छ।

मिटरब्याज पीडित संघर्ष समितिले साह परिवार लामो समयदेखि यस्तै गतिविधिमा संलग्न रहँदै आएको दाबी गर्दै पीडितहरूको सम्पत्ति फिर्ता गरिनुका साथै दोषीमाथि कडा कानुनी कारबाही हुनुपर्ने माग गरेको छ।

# मधेशले गरेनन् सवारी कर छुट, अन्यमा कति

**टुडे समाचारदाता**

जनकपुरधाम । नयाँ आर्थिक वर्ष २०८३/८४ को सुरुवातसँगै प्रदेश सरकारहरूले सवारीधनी करमा विशेष छुट गरेपनि मधेश सरकारले गरेको छ ।




सवारी साधनतर्फका विभिन्न शीर्षकमा विशेष कर तथा जरिवाना छुटका सुविधाहरू मधेश प्रदेश बाहेक देशका ६ वटै प्रदेशले कार्यान्वयनमा ल्याएका छन् । तर मधेश सरकारले यस पटक कर छुट गरेका छैनन ।

मधेश प्रदेशले २०८२ भदौको आन्दोलनमा क्षति पुगी सञ्चालन अयोग्य भएका सवारीको दर्ता खारेज गर्न असोज मसान्तभित्र निवेदन दिएमा आर्थिक वर्ष २०८२/८३ को सवारी कर पूर्ण रूपमा मिनाहा गर्ने निर्णय मात्र गरेको छ ।

लामो समयदेखि सवारी कर नतिरेका, नवीकरण नगरेका तथा लगत कट्टा नगरेका सवारीधनीहरूलाई लक्षित गरी ल्याइएका यी अफरहरूले एकातिर सवारीधनीलाई चर्को जरिवानाबाट जोगाउनेछन् भने अर्कोतिर सरकारको बक्यौता राजस्व असुलीमा मद्दत पुग्ने जनाइएको छ । छुटको प्रतिशत र समयावधि भने प्रदेशअनुसार फरक-फरक तय गरिएको छ ।

यस अन्तर्गत सवारी कर तथा नवीकरणतर्फ लुम्बिनी प्रदेशले आगामी पुस मसान्तसम्म कर बुझाएर नवीकरण गर्न आउनेलाई कुल जरिवानामा ५० प्रतिशत छुट दिएको छ भने सुदूरपश्चिम प्रदेशले ५ वर्ष वा सोभन्दा बढी समयदेखि कर नतिरेका सवारीका लागि कर तथा नवीकरण जरिवानामा शतप्रतिशत छुटको व्यवस्था गरेको छ ।

त्यस्तै, दर्ता खारेजी (लगत कट्टा) तर्फ कोशी प्रदेशले ५ वर्षभन्दा बढीको कर बाँकी रहेका सवारीधनीले पछिल्लो एक आर्थिक वर्षको मात्रै कर तिरेमा बाँकी सबै कर र जरिवाना मिनाहा गर्ने भएको छ ।

बागमती प्रदेशले पनि २० वर्ष वा सोभन्दा पुराना सार्वजनिक सवारी साधन पत्रु गराउने प्रयोजनका लागि आगामी पुस मसान्तसम्म नवीकरण दस्तुर बुझाएमा लाग्ने जरिवानामा शतप्रतिशत छुट दिएर लगत कट्टा गर्ने सुविधा ल्याएको छ ।

त्यसैगरी, गण्डकी प्रदेशले गत भदौमा तोडफोड र आगजनीबाट नष्ट भएका सवारी साधनहरूको आगामी वैशाख मसान्तभित्र लगत कट्टा गर्न आएमा दुई आर्थिक वर्षको सवारी कर, नवीकरण शुल्क र जरिवाना पूर्ण छुट दिने भएको छ ।

साथै लामो समयदेखि कर नतिरेका सवारीका हकमा आर्थिक वर्ष २०८०/८१ देखिको मात्र कर र नवीकरण शुल्क लिई अन्य जरिवाना मिनाहा गरेर लगत कट्टा गर्ने व्यवस्था पनि गण्डकीले गरेको छ ।

लुम्बिनी प्रदेशले २० वर्ष नियमित कर बुझाएका तर हाल सञ्चालनमा नरहेका निजी सवारी साधनको लगत कट्टा गर्न पछिल्लो दुई वर्षको कर बुझाएमा बाँकी अवधि र जरिवाना मिनाहा गर्ने नीति लिएको छ भने कर्णाली प्रदेशले भौतिक अस्तित्व नरहेका वा काम नलाग्ने सवारीको हकमा पछिल्लो तीन आर्थिक वर्षको कर र नवीकरण दस्तुर बुझाएमा जरिवाना विना नै लगत कट्टा गर्ने सुविधा दिएको छ ।

दर्ता र खारेजीबाहेक अन्य सहुलियततर्फ कोशी प्रदेशले १४ वा सोभन्दा बढी सिट क्षमता भएका भाडाका सवारी साधनले विद्यार्थी, ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिहरूलाई सहुलियत दरमा यात्रा गराएबापत सवारी करमा ६० प्रतिशत छुट दिने भएको छ ।

साथै कोशी प्रदेश भ्रमण वर्षलाई लक्षित गर्दै सीमा क्षेत्रबाट पर्यटक मात्र बोकी पर्यटकीय गन्तव्यसम्म प्रत्यक्ष सेवा दिने सवारी साधनलाई सवारी करमा पूर्ण छुट दिइएको छ ।

बागमती प्रदेशले यातायात व्यवस्थासँग सम्बन्धित दर्ता नभएका वा नवीकरण छुटेका प्रशिक्षण केन्द्र, वर्कसप, र रिकण्डिसन हाउस जस्ता व्यवसायहरूलाई आगामी पुस मसान्तसम्म पछिल्लो अवधिको दस्तुर बुझाएमा अघिल्लो अवधिको दस्तुर तथा जरिवानामा शतप्रतिशत छुट दिएको छ ।

कर्णाली प्रदेशले भने सवारीधनीले एकमुष्ट ५ वर्षको अग्रिम सवारी कर भुक्तानी गरेमा कुल करमा २० प्रतिशत छुट दिने आकर्षक योजना ल्याएको छ ।

# 'जानकी मन्दिरसंग खेंलाँची नगर'

ब्लग :



श्यामसुन्दर शशि

प्रतिष्ठित चिकित्सक, संविधान सभा सदस्य तथा मिथिला संस्कृतिका जानकार डा. विजयकुमार सिंहको एउटा पुरानो स्टेटश स्मरण आयो । झण्डै चार वर्ष अघि उहाँले आफ्नो फेसबुक वालमा लेख्नु भएको थियो- 'हेरीटेज सिटी जनकपुरधाममा के पुराना विरासतहरुको कुनै अवशेष सुरक्षित राख्न सकिएको छ ?न कुनै गाछी (फूलवारी), न त मैदान । न कुनै कुटी, न त कुनै टीला, न कुनै कूप(इनार) न त कुनै गली ।अधिग्रहण नै गर्नु छ भने संरक्षणको लागि अधिग्रहण गर । नयाँ आलिशान शहर बसाउनु छ भन्ने बाहिर बसाऊ । इतिहास साक्षी रहने छ । यो सौन्दर्यकरण हो वा व्यापारीकरण वा विकास कि विनास ?'

जानकी मन्दिरलाई विश्वसम्पदा सूचीमा सूचीकृत गराउने अभियानमा लागेको जनकपुरधाम उपमहानगरपालिका, जानकी मन्दिरलाई ट्रष्टमा लगिनु पर्ने अभियानमा लागेका अभियन्ताहरु तथा झण्डै विश्व भरिका हिन्दुहरुको आस्थाका केन्द्र जानकी मन्दिरका महन्त एवं जानकी मन्दिरभित्र सञ्चालित म्युजियम र विवाह मण्डपको हर हिसाब माग्ने प्रदेश सरकारका मन्त्री फकिरा महतोका लागि डा. विजयकुमार सिंहको यो अभिव्यक्ति मननयोग्य छ । डा. सिंहको अभिव्यक्तिको आशय हो- हामीले कस्तो जनकपुर बनाउन खोजेका हौं ? पुराना विरासतलाई भत्काएर नयाँ जनकपुर बनाउन खोलेका हौ कि पुरानालाई संरक्षण गर्दै नयाँ संरचना बनाउन चाहेका हौ ?

पुराना पहिचानलाई बारहवीघा रंगभूमि मैदान, पहरिया गाछी, रामगाछी,तिरहुतिया गाछी,पहरिया गाछी, ५२ बिगहा मैदान, जानकी मन्दिर फूलवारी, गंगासागर, धनुषसागर, गोरधोई पोखरी, जनकसरोवर आदि ऐतिहासिक सम्पदाहरुको अवस्था हामी सबैलाई थाहै छ । वकिल मोहल्ला स्थित जनकसरोवरमा फुलवारी लगाएर निजी बनाएका व्यक्तिलाई जानकी मन्दिरका महन्त स्वयंले मोटा मोटा फूलको माला लगाई दिएको दृश्य हेर्नेमा म स्वयं पनि छु ।

तर आज हामीले चर्चा गर्न खोजेको विषय हो- गृहमन्त्री फकिरा महतो र जानकी मन्दिर महन्त बीचको विवाद । स्टन्टमा रमाउँने मन्त्री महतो जानकी मन्दिरभित्र सञ्चालित म्युजियमको हर हिसाब माग्नु भयो रे....रामजानकीविवाह मण्डपको प्रवेश रसिद नियन्त्रणमा लिनु भयो रे....। त्ससपछि जानकी मन्दिरका महन्त रामतपेश्वर दास वैष्णव विवाह मण्डप प्रवेशमा रोक लगाउनु भयो । म्युजियममा पनि ताला लगाउनु भयो ।जनकपुरवासी बुझ्नै सकेका छैनन्- जानकी मन्दिर महन्तजीको हो कि सम्पूर्ण हिन्दु धर्माम्बलम्बीहरुको ??कुनै मन्त्रीलाई भन्दा नाच-तमासा बढि हुन्छ । महन्तजीहरु राजनीतिक दलका नेताहरुको वरिपरि बस्न मन पराउनु हुन्छ । आदि ईत्यादि ।' पछिल्ला दिनहरुमा जनकपुरवासीको चिन्ता र चिन्तनको विषय बनेको छ । मन्त्री महतो यस्तै चिन्ताहरुबाट चिन्तित हुनु हुन्छ भने उहाँले केहि थान चिन्ता अझै थप्नु पर्ने हो । त्यो के भन्ने- 'यदिम्युजियमलाई ठेक्कालगाइएनभन्ने यसको संचालनमा खटेका कर्मचारी, यसको मर्मत संभार आदि कस्ले गरि दिने ?यदिविवाह मण्डप दर्शन गर्न टिकट लगाइएनवा माछा खेतीगर्न पोखरीहरु ठेक्का लगाइएन, लक्ष्मण मन्दिर र जानकीमन्दिरको वरिपरि भाडामा पसल थाप्न दिइएन भने विवाह मण्डपको सर-सफाई, फूलवारीको रेख-देख, मन्दिरको व्यवस्थापन, महन्तजीहरुको गाडीको पेट्रोल, मोबिलको व्यवस्था कस्ले गरि दिने ??जाबो केहि लाख महसूल बुझाउन नसकेको कारण जानकी मन्दिरको विजुली पटक पटक काटिएको चुरो कुरो मन्त्री महोदयलाई थाहा छ कि छैन ??



> मन्त्री फकिरा महतो यस अघि नगर क्षेत्रको फुटपाथ खाली गर्ने अभियान चलाउनु भएको थियो । एक महिना नबित्दै जनकपुरको फुटपाथ पुन: गुलजार हुन थालेको छ । होटलहरुको अनुगमन गर्ने अभियान पनि चलाउनु भयो । पछिल्लो पटक जानकी मन्दिरको आयश्रेस्ताको खोजी गर्न थाल्नु भएको छ । अब हेर्न बाँकी छ, यो अभियान कति दिन चल्ने हो ? कस्तो परिणाम ल्याउने हो ?

संरक्षित गर्दै आधुनिक सहर निर्माण गर्नु नौलो होईन, भारतको राजधानीदिल्लीको विकल्पमा नयाँ दिल्ली, काठमाण्डौको जमल,भक्तपुर, मंगलबाजार,भारतको देवघर, बनारस,कोलकतासँगै अनेकौ युरोपियन मुलुकहरु यसका उदाहरण हुन् ।जहाँ आधुनिकताको चमकदमकसँगै मौलिक पहिचानको भव्य इमारतहरु पनि सुरक्षित छन् ।

लगभग३ सय वर्ष अघि महात्मा सूरकिशोर दास र चतुर्भुज गिरी जनकपुर आएका थिए । दुबै साधुको जनकपुर आगमनसंगै आधुनिक जनकपुरको इतिहास सुरु भएको थियो । जानकी मन्दिर निर्माण भएको करीव १ सय २५ वर्ष पुगेको छ । जानकी मन्दिर सञ्चालनको लागि सेनवंशी राजाले १४०० बिगहा जग्गा कुशबिर्ता दिएको इतिहास वर्णित तथ्य हो । जानकी मन्दिर निर्माण अघिका सनकचल्दा रसिद नियन्त्रणमा लिने र महन्तलाई सनक चल्दा मन्दिर परिसरमा तालाबन्दी गरी दिने ??

यद्यपि मन्त्री फकिरा महतो यस अघि नगर क्षेत्रको फुटपाथ खाली गर्ने अभियान चलाउनु भएको थियो । एक महिना नबित्दै जनकपुरको फुटपाथ पुनः गुलजार हुन थालेको छ । होटलहरुको अनुगमन गर्ने अभियान पनि चलाउनु भयो । पछिल्लो पटक जानकी मन्दिरको आयश्रेस्ताको खोजी गर्न थाल्नु भएको छ । अब हेर्न बाँकी छ, यो अभियान कति दिन चल्ने हो ? कस्तो परिणाम ल्याउने हो ?

'जानकी मन्दिरमात्र होईन, जनकपुरका अन्य मठ-मन्दिरहरुको आय-व्यय पारदर्शी छैन् । विभिन्न बहाना बनाएर जग्गा जमिन बिक्री हुंदैछ । मन्दिर भित्र पूजा- पाठ

जानकी मन्दिरलाई ट्रष्टमा लग्नु पर्ने मांग नयाँ होईन । बृहत्तर जनकपुर क्षेत्र विकास परिषद्का तत्कालीन अध्यक्ष भोजराज घिमिरे नेतृत्वको उच्च स्तरीय कार्यदलले २०६३ सालमै नेपाल सरकारलाई बुझाएको रायसहितको सिफारिसमा प्रष्ट उल्लेख छ- 'राममन्दिर र जानकी मन्दिरजस्ता आर्थिक रुपले अत्यन्त सबल मन्दिरहरुको सुव्यवस्थानार्थ ट्रष्ट वा कोषको अपरिहार्यता स्वीकार गर्दै ट्रष्टको वैधानिक स्वरुप कायम नहुञ्जेलसम्मका लागि मन्दिर व्यवस्थापन समिति गठन गरी ती मन्दिर हरुको प्रभावकारी व्यवस्थापन र सञ्चालन गर्नु उपर्युक्त हुने छ ।'मन्त्री महोदय उक्त प्रतिवेदन पढेर न्यायिक रुपमा अघि बढ्नु भएको भए, राम्रो हुन्थ्यिो कि ??

गृहमन्त्रीफकिरा महतोसंग मेरो निजी आग्रह- सक्नु हुन्छ भने भोजराज घिमिरे लगायतका अन्य प्रतिवेदनहरु कार्यान्वयन गराउन पहल गर्नु, जानकी मन्दिरको आय थुन्नु भन्दा पहिले मन्दिर सञ्चालनको दिगो प्रबन्ध मिलाउँनु, जानकी मन्दिरको नाममा कम्तीमा खाता खोल्नु लगाउनु, गुठी संस्थानले जानकी मन्दिरबाट लगेको बहुमूल्य आभूषणहरु फिर्ता ल्याउने प्रयास गर्नु अनि चर्किन र भत्किनलागेको जानकी मन्दिरको वैज्ञानिक मर्मत संभारतर्फ ध्यान दिनु । नभए सबभन्दा धनी भनिएको राममन्दिरको उदाहरण हाम्रो सामु छदै छ ।जनकपुर उपमहानगर पालिकाकापूर्व मेयर बृषेशचन्द्र लाल जानकी मन्दिरको पश्चिममा अवस्थित मस्जिदलगायतका भौतिक संरचनाको संरक्षण आवश्यक रहेको बताउछन् । मन्दिर वरिपरिका प्राचीन संरचना संरक्षणको प्रयास नभएको कारण अचेल सम्पूर्ण संरचना नयामात्र रहेको पूर्व मेयर लालको कथन छ ।







गुरुहरुप्रति सम्मान व्यक्त गरौं

- ज्ञान,शिक्षारसंस्कारप्रदानगर्नेगुरुहरुकोसम्मानगरौं,
- गुरुबाट प्राप्त ज्ञान र मार्गदर्शनलाई जीवनमा आत्मसात् गरौं,
- शिक्षक, अभिभावक र मार्गदर्शक प्रति कृतज्ञता व्यक्त गरौं,
- शिक्षा र ज्ञानको महत्वलाई समाजमा प्रवर्द्धन गरौं,
- नयाँ पुस्तामा अनुशासन, नैतिकता र संस्कारको विकास गरौं,
- गुरु-शिष्य सम्बन्धको गरिमा र परम्परालाई संरक्षण गरौं,
- ज्ञान, सीप र सकारात्मक सोचको विकासमा जोड दिऔं,
- शिक्षामार्फत समुन्नत समाज निर्माणमा योगदान दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८